गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ९ | संख्या २ | मितिः२०८२/०३/१०

## भाग -१

## गोलन्जोर गाउँपालिका

# गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन २०८२

गाउँसभाबाट स्वीकृत मिति २०८२/०३/१०

# गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन २०८२

**प्रस्तावना:** गोलन्जोर गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गोलन्जोर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८२/२०८३ को **निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी (नेपाल सरकार, बागमती प्रदेश, आन्तरिक आय र गत आ व को बचत गरी) जम्मा रकम रु ३०३८३४३१० ।- (अक्षेरुपी तिस करोड अठ्तिस लाख चौतिस हजार तिन सय दश रुपैया मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन: (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/२०८३ को निमित्त गोलन्जोर गाउँ गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

| अनुसुचि १<br>(दफा २ संग सम्बन्धित)<br>नेपालको संविधानको धारा २२९ (२) बमोजिम<br>संञ्चित कोषबाट विनियोजन हुने रकम | | | |
|---|---|---|---|
| गोलन्जोर गाउँपालिकावाट खर्च हुने वजेट रु. | | | |
| सि. नं. | विवरण | रकम रु.हजारमा | कैफियत |
| १ | सशर्त अनुदान (संघ/प्रदेश) | २८१३६८०००.०० | |
| २ | समपुरक अनुदान (संघ/प्रदेश) | २६७००००००.०० | |
| ३ | विशेष अनुदान (संघ/प्रदेश) | १३२०००००.०० | |
| ४ | गाउँपालिका तर्फ चा.लु खर्च | ९७९५००००.०० | |
| ५ | गाउँपालिका तर्फ पुँजिगत खर्च | ६३६५००००.०० | |
| ६ | गाउँपालिका तर्फ विषयगत शाखा कार्यक्रम | ५२४३४३१०.०० | |
| ७ | समपुरक गाउँपालिका तर्फ विनियोजन | १९३०००००.०० | |
| ८ | वडा कार्यालय तर्फ(पुँजिगत) | २८००००००.०० | |
| ९ | क्रमागत योजनाहरु | २५००००००.०० | |
| १० | अध्यक्ष विशेष | १००००००००.०० | |
| ११ | उपाध्यक्ष विशेष | ७५०००००.०० | |
| | **जम्मा** | **६२५१०२३१०.००** | |

अनुसुचि २
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषमा आम्दानीका श्रोत

आम्दानीको श्रोतहरु रु.

| सि. नं. | अनुदान | कुल बजेट | कुल बजेट (अक्षरमा) |
|---|---|---|---|
| नेपाल सरकारबाट प्राप्त अनुदानः | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ८७५००००००.०० | आठ करोड पचहत्तर लाख |
| २ | सशर्त अनुदान | २४३२०००००.०० | चौविस करोड वत्तिस हजार |
| ३ | समपूरक अनुदान | ६००००००.०० | साठ्ठी लाख |
| ४ | विशेष अनुदान | ६७०००००.०० | सठ्सठ्ठी लाख |
| | **जम्मा** | **३४३४०००००.००** | |
| बागमति प्रदेश सरकारबाट प्राप्त अनुदानः | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ८३०१०००.०० | तिरासी लाख एक हजार |
| २ | सशर्त अनुदान | ३८१६८०००.०० | तिन करोड एकासी लाख अठ्सठ्ठी हजार |
| ३ | समपूरक अनुदान | २०७००००००.०० | दुई करोड सात लाख |
| ४ | विशेष अनुदान | ६५०००००.०० | पैसठ्ठी लाख |
| | **जम्मा** | **७३६६९०००.००** | |
| राजस्व बाँडफाँड तर्फ | | | |
| १ | राजस्व बाँडफाँड प्राप्ति /नेपाल सरकार | ८९२३५५३९.०० | आठ करोड बयानव्वे लाख पैतिस हजार पाचँ सय उन्नचालिस |
| २ | राजस्व बाँडफाँड प्राप्ति /प्रदेश सरकारबाट | ३८७४५७७०.८१ | तिन करोड सतासी लाख पैतालिस हजार सात सय सत्तरी रुपैया एकासी पैसा |
| | **जम्मा** | **१२७९८१३०९.८१** | |
| गाउँपालिका तर्फ | | | |
| १ | आन्तरिक आय | ८००५२०००.१९ | आठ करोड वाउन्न हजार रुपैया उन्नाईस हजार |
| | जम्मा बजेट | ६२५१०२३१०.०० | वैसठ्ठी करोड एकाउन्न लाख दुई हजार तिन सय दश मात्र |

आज्ञाले
चन्द्रकान्त चौधरी
प्रमुख प्रशासकीय अधिकृत